# प्रेस विज्ञप्ती - १५८
# Press Release-158

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मिति:-२०७३/०१/२३ गते ।

## ११ सय रोपनी गांजा खेति फडानी तथा १३०० के.जि गांजा नष्ट गरीएको

लागू औषध नियन्त्रण व्यूरोद्धारा काठमाण्डौमा गरीएको विशेष अप्रेशनको क्रममा अन्दाजी ११ सय रोपनी जति जग्गामा लगाईएको गाँजा खेती नष्ट गरीएको छ । काठमाण्डौ जिल्ला गोकर्णेश्वर न.पा.वडा नं.१ अर्न्तगतको चिलाउने र वडा नं.२ अर्न्तगतको ओखेनी, मुलखर्कको विभिन्न स्थानहरुको मकै बारी, करेसा बारी तथा आलु बारी भित्र अन्दाजी ११ सय रोपनी जग्गामा लगाईएको अबैध गाँजा खेती नष्ट गरीएको छ ।

उक्त क्षेत्रहरुमा गोठ तथा बारीको कान्लाहरुमा समेत लुकाई छिपाई राखिएको अवस्थाको तयारी गाँजा १३ सय किलो समेत बरामद गरी नष्ट गरीएको छ ।

यस विशेष अप्रेशनको लागि लागू औषध नियन्त्रण व्यूरो, महानगरीय प्रहरी सशस्त्र प्रहरी गण महाराजगन्ज, म.न.प्र.प्रभाग सुन्दरीजलबाट र प्र.प्र.का. श्रव्यदृश्य शाखाबाट जना गरी ६९ जनाको प्रहरी जनशक्ति परिचालन गरीएको थियो ।

फडानी गरीएको गांजा खेति तथा बरामद र नष्ट गरीएको लागू औषध गांजा सम्वन्धमा थप अनुसन्धान भईरहेको छ ।





फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेल: ncbnepal@gmail.com



गांजा खेति, फडानी तथा नष्ट गरीएको दृष्य